# सरयू

## राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान

वर्ष १, अंक २ २०८३ जेठ


# निमित्त कार्यालय प्रमुखको जिम्मेवारी सह-प्राध्यापक डा.रसाईलीलाई





दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही, दाङको निमित्त कार्यालय प्रमुख तथा निर्देशकको जिम्मेवारी प्रतिष्ठानका सह-प्राध्यापक डा.सुरेश रसाईलीले प्राप्त गर्नुभएको छ ।

प्रतिष्ठानको सह-निर्देशक भई काम गरिरहनु भएका उहाँलाई स्वास्थ्य तथा खाद्य मन्त्रालयले अर्को व्यवस्था नभएसम्मका लागि आर्थिक तथा प्रशासनिक अधिकारीसहितको निमित्त कार्यालय प्रमुख तथा निर्देशक भई काम गर्ने गरी जिम्मेवारी दिएको हो । मन्त्रालयले बैशाख २४ गते प्रतिष्ठानलाई पत्राचार गरेर जिम्मेवारी प्रदान बारे जानकारी दिएको थियो । डा.रसाईली आखाँ रोग विशेषज्ञ भई काम गरिरहनु भएका अनुभवी चिकित्सकका रुपमा परिचित हुनुहुन्छ ।

# प्रतिष्ठानद्वारा वास्तविक सुकुम्बासीलाई व्यवस्थापन गर्न पहल सुरु







राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र नवलपुर बहुउद्देश्यीय सरोकार समितिबिच पूरक सम्झौता

(मिति: २०८३/०१/१६)

१. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र कटुवा खोलाबीच रहेको प्रतिष्ठानको जग्गामा रहेको करिव १६० घरधुरीको बसोबासमा रहेका बास्तविक भूमिहीन सुकुम्बासी पहिचान गरि निजहरूलाई व्यवस्थित बसोबास गराउन नवलपुर बहुउद्देश्यीय सरोकार समितिले अम्बापुर जग्गा एकीकरण आयोजना मातहतको जग्गा मध्येबाट प्रत्येक घरधुरीलाई ५-५ धुरको दरले घडेरी उपलब्ध गराउने ।

२. भूमिहीनलाई जग्गा दिएको स्थानमा बाटो, बिजुली, खानेपानी लगायतको सुविधा व्यवस्थित गर्न घोराही उपमहानगरपालिका, प्रदेश सरकार र संघ सरकारसँग नवलपुर बहूद्देशीय सरोकार समितिले पहल गर्ने ।

बलिभद्र राना
अध्यक्ष
नवलपुर बहूद्देशीय सरोकार समिति
एवं अध्यक्ष, अम्बापुर जग्गा एकीकरण आयोजना


प्रा. श्याम लम्साल
नि. उपकुलपति, रजिष्ट्रार
राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले आफ्नो अतिक्रमित जग्गा खाली गराउनका निमित्त वास्तविक सुकुम्बासीलाई व्यवस्थापन गर्न पहलसहित हालै सम्झौता गरेको छ । प्रतिष्ठानका सिनेट सदस्य तथा नवलपुर बहुउद्देश्यीय सरोकार समिति एवं अध्यक्ष, अम्बापुर जग्गा एकीकरण आयोजनाका बलिभद्र राना र प्रतिष्ठानका निमित्त उप-कुलपति तथा रजिस्ट्रार प्रा.श्याम लम्सालबीच सम्झौता आदानप्रदान भएको हो ।

नवलपुर बहुउद्देश्यीय सरोकार समितिकै पहलमा यसअघि नवलपुरको जग्गा प्रतिष्ठान मातहत ल्याउन पहल भइरहेको छ । बुधबार भएको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र नवलपुर बहुउद्देश्यीय सरोकार समितिबीच पूरक सम्झौतामा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र कटुवा खोलाबीच रहेको प्रतिष्ठानको जग्गामा रहेको करिब १५० घरधुरीको बसोबासमा

रहेका वास्तविक भूमिहीन सुकुम्बासी पहिचान गरी निजहरुलाई व्यवस्थित बसोबास गराउन नवलपुर बहुउद्देश्यीय सरोकार समितिले अम्बापुर जग्गा एकीकरण आयोजना मातहतको जग्गा मध्यबाट प्रत्येक घरधुरीलाई ५-५ धुरको दरले घडेरी उपलब्ध गराउने र भूमिहीनलाई जग्गा दिएको स्थानमा बाटो, बिजुली, खानेपानी लगायतको सुविधा व्यवस्थित गर्न घोराही उपमहानगरपालिका, प्रदेश सरकार र संघ सरकारसँग नवलपुर बहुउद्देश्यीय सरोकार समितिले पहल गर्ने उल्लेख गरिएको छ ।

## राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटु रोगको उपचार पनि सुरु



दाङ । घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटु रोगको उपचार पनि सुरु भएको छ । प्रतिष्ठानले दाङमै पहिलोपटक कोरोनरी एन्जियोग्राफी सेवा सुरु गरेको जनाएको छ । यो सेवाका लागि फिजिसियन तथा मुटु रोग विशेषज्ञ डा.दिनेश उप्रेती नेतृत्वको टोली छ । डा.उप्रेतीले प्रतिष्ठानमा इन्टरभेन्सनल कार्डियोलोजी सेवा सुरु गर्न सक्षम बनाएको बताउनु भयो । उहाँले यस सेवाको सुरुवात कोरोनरी एन्जियोग्राफी तथा आकस्मिक पेरिकार्डियोसेन्टेसीसबाट गरिएको जानकारी दिनुभयो ।

'हामीले प्रतिष्ठानमा मुटु रोगको उपचार सुरु गरेका छौं, मुटुको रक्तनलीलाई हेर्ने विधिभित्र कोरोनरी एन्जियोग्राफी सेवा पर्दछ,' डा.उप्रेतीले भन्नुभयो, 'यसबाट मुटुको रक्तनलीमा रोग छ कि छैन भनेर पत्ता लगाउन सहयोग मिल्छ ।' उहाँले मुटु उपचारका लागि अरु थप उपकरण आए हर्ट अट्याक भएर आउने बिरामीको एन्जियो प्लास्टि पनि गर्न सकिने बताउनुभयो । क्याथेल्याब मेशिन आइसकेकाले मुटुको उपचारमा थप सहज हुने उहाँले बताउनुभयो । मुटुको इको गर्ने सेवा पनि सञ्चालनमा रहेको प्रतिष्ठानले जनाएको छ ।

## दाङको कोठरी र मानपुरमा ८ सय बढीको सिकलसेल परीक्षण

दाङ । थारु समुदायमा देखिएको सिकलसेल एनेमियाको ब्यापक परीक्षण गर्नेक्रममा मङ्गलबार राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले दाङको मानपुर र कोठरीमा शिविर सम्पन्न भएको छ ।




प्रतिष्ठानका निमित्त अस्पताल निर्देशक प्रा.डा.जनार्दन पन्थीले दुवै ठाउँमा सम्पन्न शिविरमा ८ सय बढीले परीक्षण गराएको जानकारी दिनुभयो । तुलसीपुर १५ कोठरी र १७ मानपुरमा सम्पन्न सिकलसेल एनेमिया तथा थालेसेमिया परीक्षण तथा परामर्श शिविरमा ८ सय २० जनाले रगत परीक्षण गराएका थिए । जसमा पुरूष २९६ र महिला ५२४ जना थिए ।

# दाङमा पहिलोपटक मुटुको 'एन्जियोप्लाष्टी' सेवा सुरु



दाङ । दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटुको एनजियोप्लाष्टी सेवा सुरू भएको छ । मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लाण्ट सेन्टरका वरिष्ठ मुटुरोग विशेषज्ञ डा.सूर्य देवकोटाको नेतृत्वमा प्रतिष्ठानमा कार्यरत फिजिसियन तथा मुटु रोग विशेषज्ञ डा.दिनेश उप्रेतीसहितको टोलीले शुक्रवार दुईजना बिरामीको एन्जियोप्लास्टी गरेको थियो । पहिलो पटक जिल्लामा यो सेवा सुरु भएसंगै हृदयघात (हर्टअट्याक) भएका विरामीहरुलाई जिल्लामै सहजै उपचार गर्न सकिने डा.देवकोटाले बताउनुभयो । उहाँका अनुसार मुटुको रक्तनलीको उपचार दाङमा यसरी पहिलो पटक सुरु हुनु जिल्लाको स्वास्थ्य क्षेत्रका लागि एउटा उपलब्धी हो । एन्जियोप्लास्टी गरिएका बिरामीहरुको अवस्था सामान्य रहेको मुटु रोग विशेषज्ञ डा.उप्रेतीले बताउनुभयो ।

यस अघि मुटुको उपचारका लागि जिल्ला बाहिर जानुपर्ने अवस्था रहेको थियो । अब भने यो समस्या हटेको प्रतिष्ठानका निमित्त उपकुलपति तथा रजिष्ट्रार प्रा.श्याम लम्सालले बताउनुभयो । उक्त उपचारका लागि क्याथेल्याबसहित १० करोड बराबरका सामग्री ल्याईएको छ । यसरी सामग्री तयारी गरेपछि पहिलो पटक वरिष्ठ मुटुरोग विशेषज्ञ डाक्टर देवकोटालाई ल्याएर सेवालाई सुरुवात गरिएको उहाँको भनाई छ ।



प्रतिष्ठानबाट केही दिन अघि एन्जोयोग्राफी सेवा दिईएको थियो । जुन निदानात्मक उपचार थियो भने आज (शुक्रबार) एन्जियोप्लाष्टी सेवा सुरु गरिएको हो । जुन उपचारात्मक रहेको छ । दाङमै यो सेवा सुरु भएपछि जिल्ला बाहिरका विरामीलाई पनि सेवा दिन सहज हुने प्रतिष्ठानका निमित्त निर्देशक प्रा.डा.जनार्दन पन्थीले बताउनुभयो । उहाँका अनुसार विपन्न नागरिक औषधी उपचार कोषमा सूचिकृतका लागि निवेदन समेत पठाएकाले सूचिकृत हुने बित्तिकै विरामीलाई प्रतिष्ठानबाटै थप सहजता प्राप्त हुने प्रतिष्ठानका निमित्त डिन प्रा.डा.रमेश कडेलले बताउनुभयो । हाल मुटुको उपचारका लागि एक लाखभन्दा बढी खर्च लाग्ने गरेको छ । प्रतिष्ठानमा मुटुको इको समेतको सेवा यसअघि नै सुरु भइसकेको थियो ।

# राप्ती प्रतिष्ठानमा नि:शुल्क जलन उपचार शिविर: २५ जनाको सफल अप्रेसन



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको जलन उपचार शिविरमा ८५ जनाले सेवा लिएका छन् । प्रतिष्ठानले नविल बैंक लिमिटेड र सुषमा कोइराला मेमोरियल ट्रष्ट/अस्पतालको समन्वयमा जिल्लामै पहिलोपटक भएको जलन उपचार शिविरमा २५ जना बिरामीको सफल अप्रेसन भएको प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाईलीले जानकारी दिनुभयो ।



वैशाख २५ गतेदेखि २८ गतेसम्म सम्पन्न शिविरमा १२ जनालाई थप उपचारका लागि रिफर गरिएको हो । 'जलनका कारण जीवन रोकिदैन, उपचारले जीवनमा परिवर्तन ल्याउन सक्छ' भन्ने मुल नाराका साथ हुन लागेको शिविरमा सुषमा कोइराला मेमोरियल ट्रष्ट/अस्पताल र प्रतिष्ठानका विशेषज्ञ चिकित्सकको संलग्नतामा जलन उपचार सम्बन्धी नि:शुल्क अप्रेसनसमेत प्रतिष्ठानमा भएको थियो । उपचारमा कुनै पनि शुल्क नलागेको प्रतिष्ठानले जनाएको छ । शिविरमा आगोले पोलिएर शरीरको एक भाग, अर्को भागसँग जोडिएको समस्या भएका व्यक्तिहरुलाई नि:शुल्क परामर्श तथा उपचार गरिएको निर्देशक डा.रसाईलीले बताउनु भयो ।

प्रतिष्ठानले यसै आ.व. २०८२/०८३ देखि जलन उपचार सेवा शुरू गर्ने तयारी गरिरहेको अवस्थामा कीर्तिपुर जलन अस्पतालसँग प्राविधिक सहकार्यको लागि सम्झौता भइसकेको र सुष्मा कोइराला ट्रष्टको जलन अस्पतालसँग समेत सहकार्य गर्ने थप तयारी भइरहेको उहाँले बताउनु भयो । साथै प्रतिष्ठानले चालु आर्थिक वर्षमै कम्तिमा ४ बेडको जलन एकाई व्यवस्थापन गर्ने योजना पनि अघि सारेको छ ।

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको शून्य बेरुजु



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको शून्य बेरुजु देखिएको छ । प्रतिष्ठानका तत्कालीन निमित्त उपकुलपति तथा रजिस्ट्रार प्रा.श्याम लम्सालको दुई वर्षे कार्यकालमा बेरुजु शून्य देखिएको हो । लम्साल प्रतिष्ठानमा हाजिर भई आफ्नो कार्यकाल सुरु गरेदेखि नै आर्थिक पारदर्शिता र शून्य बेरुजु अभियानमा लागेर आर्थिक सुशासन कायम गर्न सफल हुनु भएको थियो ।

यसैक्रममा आ.व. २०८१/०८२ को लेखापरीक्षणमा महालेखा परीक्षकको कार्यालयले देशभरका सरकारी स्वामित्वका संस्थाहरूमा लेखापरीक्षण गर्दा ८८ अर्ब ९ करोड बेरूजु निकालेको छ । यो बेरुजु थपिँदा मुलुकको कुल

बेरुजु ७ खर्ब ५५ अर्ब पुगेको छ । यस वर्ष कुल ९४ अर्ब ८४ करोड रुपैयाँ बराबर लेखा परीक्षण गरिएको थियो भने १ खर्ब ४७ अर्ब ९० करोड रुपैयाँ लेखा परीक्षण जेन्जी आन्दोलनमा कागजात जलेको कारण हुन सकेको छैन । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको हकमा भने उक्त आ.व.को बेरुजु शून्य रहेको प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक, सह-प्राध्यापक डा.सुरेश रसाईलीले जानकारी दिनुभयो । आर्थिक सुशासनको पक्षमा प्रतिष्ठानले सकारात्मक सन्देश दिन सफल भएको डा.रसाईलीले बताउनुभयो ।

# प्रतिष्ठानमा राष्ट्रिय सरसफाई सप्ताह

दाङ । प्रधानमन्त्री तथा मन्त्रिपरीषद्को कार्यालयले देशव्यापी रुपमा सार्वजनिक कार्यालयमा राष्ट्रिय सरसफाई सप्ताह २०८३ सुरु गर्ने निर्देशन भए बमोजिम राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङले सरसफाई अभियानको शुभारम्भ गरेको छ ।

प्रतिष्ठानका निमित्ति कार्यालय प्रमुख, निर्देशक तथा सह–प्राध्यापक डा.सुरेश रसाईलीले सरसफाई अभियानको शुभारम्भ गर्नुभएको हो । प्रतिष्ठानका मेट्रोन चन्द्र कुमारी गर्बुजा, चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सरसफाईकर्मीसहितको टोलीले विभिन्न विभागहरु, ओपिडी लगायत प्रतिष्ठानको सेवा क्षेत्रभित्र सरसफाई गरेको हो । सो अवसरमा बोल्दै निमित्त कार्यालय प्रमुख, निर्देशक डा.रसाईलीले सरकारले सुरु गरेको सरसफाई अभियानलाई प्रतिष्ठानले पनि शुभारम्भ गरेर सकारात्मक सन्देश दिन सफल भएको बताउनुभयो । सरसफाई अभियानलाई प्रभावकारी, व्यवस्थित बनाउदै राष्ट्रिय सरसफाई कार्यविधि अर्न्तगत रहेर यो सप्ताहव्यापी पछि पनि निरन्तर र नियमित चल्ने उहाँले बताउनु भयो ।

# प्रतिष्ठानमा अन्तर्राष्ट्रिय नर्सिङ दिवस मनाइयो

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एक कार्यक्रमकाबीच हालै २ सय ६ औं अन्तराष्ट्रिय नर्सिङ दिवस मनाईएको छ । प्रतिष्ठानको नर्सिङ क्याम्पस प्रमुख प्रा.अम्बिका पौडेलको अध्यक्षता तथा प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाईलीको प्रमुख आतिथ्यतामा नर्सिङ दिवस मनाईएको हो ।

नर्सिङ क्याम्पसका असिस्टेन्ट प्राध्यापक शर्मिला शर्माको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रममा मेट्रोन चन्द्र कुमारी गर्बुजा, विभिन्न विभागका विभागीय प्रमुख, चिकित्सक, बिएस्सी र बिएनएस नर्सिङका विद्यार्थीहरुको सहभागिता रहेको थियो । सो अवसरमा विद्यार्थीहरुले विभिन्न कविता, गीतहरु प्रस्तुत गरेका थिए । कार्यक्रममा वोल्दै प्रमुख अतिथि निमित्त कार्यालय प्रमुख, निर्देशक डा.रसाईलीले नर्सिङ पेशालाई पर्दा पछाडिको महत्वपूर्ण अभिन्न अंगको रुपमा चर्चा गर्ने गरिएको भन्दै यसलाई पर्दा अगाडि ल्याउनुपर्ने समय आएको बताउनु भयो । उहाँले नर्सिङ पेशालाई सबै हिसावले अब्बल बनाउने दायित्व सबैको रहेको भन्दै बिरामीसँग धेरैजसो नर्स नै रहने भएकाले आफ्ना बोली, वचनहरु र कार्यशैलीलाई बिरामी मैत्री बनाउदै लैजानुपर्ने धारणा राख्नुभयो ।

## बैशाखमा १ हजार २ सय ३४ जना बिरामीले पाए सर्जरी सेवा, ७२ जनाको सफल अप्रेसन

दाङ। राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्ष २०८३ सालको बैशाख महिनामा ७२ जना बिरामीको सफल अप्रेसन भएको छ। प्रतिष्ठानले दिएको जानकारी अनुसार बैशाख १ गतेदेखि ३१ गतेसम्म प्रतिष्ठानमा सो संख्यामा बिरामीको सामान्यदेखि जटिल प्रकारका अप्रेसन भएका हुन्। चालु आर्थिक वर्षको बैशाख महिनामा १ हजार ७३ जना बिरामीले ओपिडीबाट सर्जरी सेवा पाएका छन्। त्यस्तै १ सय ६१ जना बिरामीले भर्ना भई उपचार सेवा पाएका छन्।

# बैशाखमा ४ सय ५४ जना बिरामीले पाए न्यूरो सर्जरी सेवा, ११ जनाको सफल अप्रेसन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सुपर स्पेशीयालिटी सेवा थपिएपछि उपचार गर्न आउने बिरामीको संख्या बढ्दै गइरहेको छ । यसैक्रममा प्रतिष्ठानमा पछिल्लो पटक न्यूरो सर्जरी सेवा सञ्चालनमा आएको छ । चालु आर्थिक वर्ष २०८३ सालको बैशाख महिनामा ११ जना बिरामीको न्यूरो सर्जरी सफलतापूर्वक भएको छ । न्यूरो सर्जरी सेवा प्राप्तीका लागि दाङलगायत यस आसपासका बिरामीहरु जिल्ला बाहिर जानुपर्ने बाध्यता रहदै आएको थियो । प्रतिष्ठानमा विशेषज्ञ चिकित्सकसहितको न्यूरो सर्जरी सेवा सुरु भएपछि न्यूरो उपचार अब दाङमै हुन लागेको हो ।

प्रतिष्ठानले दिएको जानकारी अनुसार बैशाख १ गतेदखि ३१ गतेसम्म प्रतिष्ठानमा सो संख्यामा बिरामीको सामान्यदेखि जटिल प्रकारका न्यूरो सर्जरी भएका हुन् । चालु आर्थिक वर्षको बैशाख महिनामा ४ सय १२ जना बिरामीले ओपिडीबाट न्यूरो सर्जरी सेवा पाएका छन् । त्यस्तै ४२ जना बिरामीले भर्ना भई न्यूरो सर्जरी उपचार सेवा पाएका छन् । न्यूरो विशेषज्ञ चिकित्सकहरु डा.उपमा शर्मा र डा.विश्वास खड्कासहितको चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुको टोलीले न्यूरो सर्जरी सेवा प्रतिष्ठानलाई प्रदान गरिरहनु भएको छ ।

# सिकलसेल रोग पहिचान गर्न नारायणपुर र सौडियारमा बृहत शिविर, १ हजार ८ सय ४८ जनाको रगत परीक्षण



दाङ, । विशेषगरी थारू समदायमा बढी मात्रमा देखिने गरेको सिकलसेल एनिमिया रोगको पहिचानका लागि घोराही उपमहानगरपालिका-१२ निवासी उर्मिला चौधरीले बुधवार रक्त परीक्षण गराउनुभयो । घोराही उपमहानगरपालिका-१० स्थित सिद्धरत्ननाथ माध्यामिक विद्यालयमा आयोजना गरिएको शिविरमा आफूमा रोगको संक्रमण छ कि छैन भनि पहिचान गर्न रक्त परीक्षण गराएको बताउनुभयो ।

थारू समुदायमा देखिने गरेको रोगबाट बच्नका लागि परीक्षण गराउन शिविरमा आएको भन्दै उहाँले भन्नुभयो, 'परीक्षणका लागि रगत दिएकी छु, रिपोर्ट आएपछि ढुक्क हुनेछु ।' शिविरमा आफ्नो श्रीमानलाई साथ लिएर आउनुभएकी घोराही उपमहानगरपालिका-११ चाघु निवासी कुमारी चौधरीको अनुभव भने फरक रहेको छ । तीन वर्षअघि हातखुट्टा दुख्ने र अत्यधिक थकान महसुस हुन थालेपछि उपचारका लागि घोराहीको बुद्ध अस्पताल पुगेकी उहाँलाई त्यहाँ उपचार सम्भव नभएपछि कोहलपुर हुँदै भारतसम्म धाउनु परेको थियो ।

तथापि रोगको सही निदान हुन सकेन । अन्ततः काठमाडौंको शिक्षण अस्पतालमा उपचार गराउँदा सिकलसेल एनिमिया भएको पुष्टि भएपछि उहाँ नियमित उपचारसँगै शरीरमा रगत चढाउँदै आउनुभएको छ । 'रोग पहिचानका लागि कति ठाउँ धाउनु पऱ्यो, कति दुःख पाइयो । अहिले नजिकैमा शिविरको आयोजना भएकोमा खुसी छु', शिविरमा आउनु भएकी चौधरीले भनिन्, 'आफूले विगतमा पाएको दुःख अरूले नपाउन् भनेर शिविरमा श्रीमानलाई परीक्षणका लागि लिएर आएको छु, परीक्षण पछि श्रीमान् पनि ढुक्क हुनुहुनेछ ।'



उहाँहरू जस्तै सिकलसेल एनिमिया तथा थालेसिमिया रोग पहिचानका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको आयोजना तथा घोराही उपमहानगर पालिकाको सहकार्यमा बुधवार घोराहीका दुई स्थानामा आयोजना गरिएको सिकलसेल एनिमिया तथा थालेसिमिया रोगको पहिचानका लागि बृहत् परीक्षण तथा परामर्श शिविरमा १८ सय बढीले रक्त परीक्षण गराएका छन् । घोराही उपमहानगरपालिका-१० नारायणपुरस्थित सिद्धरत्नानाथ माध्यमिक विद्यालय र घोराही-७ स्थित माध्यमिक विद्यालय सौडियारमा आयोजना गरिएको शिविरमा १ हजार ८ सय ४८ जनाको रक्त परीक्षण गरिएका हुन् । जसमा ७ सय २ जना पुरुष र १ हजार १ सय ४६ जना महिला रहेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख एवम् निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइलीले जानकारी दिनुभएको छ ।

प्रतिष्ठानका निर्देशक डा.रसाइलीका अनुसार सिद्धरत्नानाथ मा.वि.नारायणपुरमा ७ सय ९ जना महिला र ३ सय ८८ जना पुरुष गरी १ हजार ९७ जना तथा श्री माध्यमिक बिद्यालय घोराही ७ सौडियारमा ४ सय ३७ जना महिला र ३ सय १४ जना पुरुष गरी ७ सय ५७ जनाको परीक्षण गरिएको हो । सिकलसेल रोग कुनै जाति विशेषमा मात्र सीमित नभए पनि विशेषगरी थारू समुदायमा बढी देखिने भएकाले उक्त समुदायलाई प्राथमिकतामा राखेर परीक्षण गरिएको डा.रसाईलीले बताउनुभयो ।



सिकलसेल एनिमिया रोगबाट बच्नका लागि पूर्व तयारी नै सबैभन्दा ठूलो उपचार भएको भन्दै उहाँले ढुक्कसँग नडराएर परीक्षण गराउन आग्रह गर्नुभयो । शिविरको उद्‍घाटन गर्दै घोराही उपमहानगर पालिकाकी उप-प्रमुख हुमाकुमारी डिसीले रोगबाट बच्नका लागि समयमै सचेत हुनु पर्ने भन्दै निःशुल्क रूपमा आयोजना गरिएको शिविरलाई सदुपयोग गर्न आग्रहगर्नुभयो । घोराही-१० का वडा अध्यक्ष दीपक पाण्डेयको अध्यक्षतामा भएको शिविरको उद्घाटन कार्यक्रममा प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख एवम् निर्देशक डा.रसाईलीले रोगबारे विस्तृत जानकारी दिनुभयो । कार्यक्रमको सहजीकरण घोराही उपमहानगरपालिका जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख राधा पौडेलले गर्नुभएको थियो ।

## प्रतिष्ठानको इमरजेन्सीबाट बैशाखमा २ हजार बढी बिरामीले पाए सेवा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको बैशाख महिनामा इमरजेन्सी सेवा २ हजार बढीले प्राप्त गरेका छन् । प्रतिष्ठानको सुरुमै उपचारमा आउने इमरजेन्सी विभागले २ हजार ९७ जनालाई उपचार सेवा दिएको छ । त्यस्तै प्रतिष्ठानले सुरु गरेको एमडिजिपीको ओपीडी सेवामार्फत बैशाखमा १ हजार ५ सय ४१ जना बिरामीले सेवा पाएका छन् भने ५२ जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ । यो संख्या बैशाख १ गतेदेखि ३१ गतेसम्मको हो ।

## एक महिनामा स्वास्थ्य बिमाबाट ५ हजार ४ सय ७ जनाले सेवा पाए

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको बैशाख महिनामा स्वास्थ्य बिमा सेवाबाट ५ हजार ४ सय ७ जना बिरामीले सेवा पाएका छन् । यो संख्या इमरजेन्सी र ओपीडीबाट सेवा लिएका बिरामीको हो । प्रतिष्ठानले दिएको जानकारी अनुसार बैशाखमा विभिन्न विभागहरुबाट ४ हजार ९ सय ८६ जना बिरामीले ओपीडी र ४ सय २१ जना बिरामीले इमरजेन्सी सेवा प्राप्त गरेका छन् । जसअनुसार मुट रोग सेवा १ सय जनाले, दन्त रोग सेवा ९७ जनाले, छाला रोग सेवा १ सय ४० जनाले, नाक, कान, घाँटी रोग सेवा १ सय ८१ जना, एमडिजिपी सेवा ४ सय ९७ जनाले, जेनरल सर्जरी सेवा २ सय ९६ जनाले प्राप्त गरेका छन् ।

त्यस्तै मेडिसिनतर्फ २ हजार ८३ जनाले, न्युरो सर्जरी सेवा ८९ जनाले, प्रसुती रोग सेवा ३ सय ३१ जनाले, आँखा रोग उपचार सेवा २ सय ९५ जनाले, अर्थोपेडिक सेवा ४ सय ६४ जनाले, बाल रोग उपचार सेवा १ सय १२ जनाले, फिजियोथेरापी सेवा ११ जनाले, मानसिक रोग उपचार सेवा १ सय २८ जना र युरोलोजी सेवा २ सय २ जनाले एक महिनाको अवधिमा पाएका छन् ।

## राप्ती प्रतिष्ठानमा एक महिनामा १ सय १३ जनाको मृगौलाको पत्थरीका बिरामीको सफल शल्यक्रिया

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा युरोलोजी (मूत्ररोग) सेवा सुरु भएपछि सेवा क्रमशः प्रभावकारी बन्दै गएको छ । प्रतिष्ठानका युरोलोजिस्ट सर्जन डा.सुशिल खनियाँको नेतृत्वमा चिकित्सक, नर्स, स्वास्थ्यकर्मीसहितको टोलीले सानादेखि ठूला शल्यक्रिया नियमित रूपमा सञ्चालन गर्दै आएको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार युरोलोजी ओपीडी (बाह्य बिरामी विभाग) मार्फत दैनिक ७० भन्दा बढी बिरामीले परामर्श तथा उपचार सेवा लिइरहेका छन् । प्रतिष्ठानको तथ्याङक अनुसार वैशाख १ देखि ३१ गतेसम्म युरोलोजी विभागबाट १ सय १३ जना बिरामीको सफल शल्यकृया गरिएको छ ।

सोही अवधिमा यूरोलोजीतर्फ ५ सय ५ जना बिरामीले ओपीडी सेवा पाएको प्रतिष्ठान प्रशासनले जानकारी दिएको छ । त्यस्तै युरोलोजी सेवा अर्न्तगत भर्ना गरेर ६१ जना बिरामीको उपचार गरिएको छ । यसअघि जिल्लामा

युरोलोजी सेवा नहुँदा सामान्यदेखि विशेषज्ञ उपचारका लागि बिरामीलाई बाहिरका सहर जानुपर्ने बाध्यता थियो । तर, प्रतिष्ठानमा अत्याधुनिक उपकरणसहित यो सेवा विस्तार भएपछि उक्त समस्या समाधान भएको छ । युरोलोजी सेवाअन्तर्गत पिसाबसम्बन्धी रोग, प्रोस्टेट, मिर्गौलाको पत्थरी, पित्तथैलीको पत्थरी, पिसाबको नलीसम्बन्धी समस्या, अण्डकोषमा मासु पलाउने वा सुन्निने, पिसाब पोल्ने वा चुहिने लगायतका रोगहरूको उपचार प्रतिष्ठानमा गर्न सकिने युरोलोजिष्ट डा.खनियाले जानकारी दिनुभयो । उहाँका अनुसार युरोलोजी सेवा लिने बिरामीको संख्या दिनदिनै बढ्दो क्रममा छ ।

प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाईलीले युरोलोजी सेवा अत्यन्त प्रभावकारी बनेको बताउँदै स्थानीय स्तरमै विशेषज्ञ उपचार सेवा प्राप्त गर्न पाउँदा बिरामीहरू खुसी भएको जानकारी दिनु भयो । डा.खनियाँ लामो समयदेखि प्रतिष्ठानमा युरोलोजी सेवा प्रदान गर्दै आएका अनुभवी चिकित्सककारुपमा परीचित हुनुहुन्छ । युरोलोजिसहित विशिष्टिकृत सेवालाई प्रभावकारी बनाउन प्रतिष्ठानले वीर अस्पताल र शिक्षण अस्पताल टिचिङ लगायतका संस्थासँग सहकार्य सुरु गरिएको जनाएको छ । सेवा विस्तार भए पनि भौतिक पूर्वाधारको अभाव भने अझै चुनौतीपूर्ण छ ।

## प्रतिष्ठानमा एक महिनामा ३ सय ४८ जना महिलाले पाए निःशुल्क प्रसुती सेवा




दाङ । दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आमा सुरक्षा कार्यक्रम निःशुल्क रुपमा सञ्चालनमा आएपछि प्रतिष्ठानको प्रसुति सेवा थप प्रभावकारी बन्दै गएको छ । प्रतिष्ठानले चालू आर्थिक वर्षको एक महिनामा ३ सय ४८ जना महिलाले निःशुल्क प्रसुति सेवा प्राप्त गरेका हुन् । प्रसुति सेवा प्राप्त गर्नेहरुको संख्या बैशाख १ गतेदेखि ३१ गते सम्मको हो । प्रतिष्ठानका प्रसुति रोग विशेषज्ञ प्राध्यापक डा.बसन्त लामिछानेको नेतृत्वमा अन्य प्रसुति रोग विशेषज्ञ चिकित्सक, नर्स, स्वास्थ्यकर्मीको सहभागितामा निःशुल्क प्रसुति सेवा अस्पतालमा प्रदान हुँदै आएको छ ।

आमा सुरक्षा कार्यक्रम निःशुल्क रुपमा सञ्चालन भएपछि प्रतिष्ठानमा निःशुल्क प्रसुति गराउन आउने महिलाहरु अहिले सेवा पाउँदा खुसी भएका छन् । प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाईलीले प्रतिष्ठानमा सञ्चालित निःशुल्क प्रसुति सेवाले बिरामीको संख्या दिनप्रतिदिन बढ्दै गएको बताउनु भयो । प्रतिष्ठानले दिएको जानकारी अनुसार प्रतिष्ठानमा प्रसुति सेवा निःशुल्क भएपछि एक महिनाको अवधिमा नर्मल डेलिभरी २ सय ८ जना र शल्यचिकित्सा सेवाबाट १ सय ४० जना गरेर ३ सय ४८ जना महिलाले सुरक्षित सुत्केरी सेवा पाएका छन् । त्यस्तै प्रसुति सेवा बिभागबाट एक महिनाकै अवधिमा गर्भपतन (मिसक्यारिज) ४१ जना र अन्य ६ जनाले सेवा पाएका छन् । यसै गरेर बैशाख महिनामा प्रसुति सेवाबाट २ हजार १ सय ९४ जना महिलाले ओपीडी सेवा र ५३ जनाको भर्ना गरेर उपचार गरिएको छ ।

## राप्ती प्रतिष्ठानमा १ सय ४० जना बिरामीको आँखाको जटिल रोगको उपचार, अन्त्य हुँदै 'काठमाडौं धाउनै पर्ने' बाध्यता

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले आँखाको उपचारका लागि बिरामीको मन जित्दै गएको छ । केही वर्ष अघिसम्म रुकुम, रोल्पा, सल्यान वा प्युठानका बिरामीहरूका लागि आँखाको जटिल रोगको उपचारका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता रहदै आएकोमा प्रतिष्ठानमा आँखाको उपचार सुरु भएपछि बिरामीको त्यो बाध्यता अब अन्त्य भएको छ । जिल्लामै आँखाको राम्रो उपचार पाउन थालेपछि बिरामीहरु हर्षित हुँदै गएका छन् । चालु आर्थिक वर्षको बैशाख महिनामा मात्रै प्रतिष्ठानमा १ सय ४० जना बिरामीको आँखाको जटिल रोगको उपचारका साथै अप्रेसन सफलतापूर्वक भएका छन् । प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाईलीको नेतृत्वमा चिकित्सक, नेत्र सहायक, स्वास्थ्यकर्मीको सहभागितामा सानादेखि गम्भीर खालका आँखाको उपचारदेखि अप्रेशन हुँदै आएका छन् । प्रतिष्ठानले दिएको जानकारी अनुसार गएको बैशाख १ गतेदेखि ३१ गतेसम्म सो संख्यामा आँखाका बिरामीहरुको अप्रेशन भएको हो । आँखारोग विभागका प्रमुखसमेत रहनु भएका रसाईलीका अनुसार १ हजार ४ सय २० जना आँखाका बिरामीले ओपीडीमार्फत सेवा पाएका छन् भने २६ जना बिरामीको भर्ना गरेर आँखाका उपचार गरिएको छ ।



कुनै बेला दाङमा आँखाको उपचार गर्ने अस्पताल राम्रो नहुँदा बिरामीहरुले निकै सास्ती बेहोर्नु परेको थियो । आँखाको उपचार गर्नु केवल स्वास्थ्य समस्या मात्र होइन, आर्थिक र मानसिक पीडाको अर्को नाम पनि थियो । उपचारका लागि काठमाडौं धाउनुपर्ने, महँगो खर्च, बसोबासको समस्या र लामो पालो–यी सबै बाध्यताले धेरै बिरामी समयमै उपचारबाट वञ्चित हुने गर्थे । तर अहिले जिल्लाकै प्रतिष्ठानमा आँखाको उपचार भरपर्दो र विश्वासिलो भएपछि परिदृश्य फेरिएको छ । प्रतिष्ठानले सुरु गरेको आँखा सम्बन्धी उच्चस्तरीय विशेष सेवा बिस्तारसँगै दुर्गमका बिरामीका लागि आशाको नयाँ ढोका खुलेको छ । अब रुकुम-रोल्पाका बिरामीहरू काठमाडौं होइन, दाङमै आएर अत्याधुनिक उपचार पाइरहेका छन् ।

आँखा रोग विशेषज्ञ सह-प्रा.डा.रसाईलीले प्रतिष्ठानमा आँखाको कोटरसम्बन्धी उपचार, आँखाको प्लास्टिक तथा पुनर्निर्माण शल्यक्रिया र आँखाको क्यान्सर उपचारजस्ता सेवाहरू बिस्तार गरेसँगै जटिल आँखाका रोगहरूको उपचार जिल्लामै सम्भव भएको छ । "पहिला बिरामीहरूलाई काठमाडौं जानैपर्ने बाध्यता थियो, तर अहिले यहाँकै सेवाले त्यो अवस्था अन्त्य भएको छ," उहाँले भन्नुभयो । आँखाको अप्रेशन धमाधम हुन थालेपछि प्रतिष्ठानको क्षमतामात्र होइन, दुर्गम क्षेत्रका बिरामीको भरोसा पनि बढेको छ । त्यसैगरी, आँसु नली खोल्ने तथा पुनर्निर्माण गर्ने शल्यक्रिया, कालो मोतियाको उपचार, तथा सौन्दर्यसम्बन्धी आँखा शल्यक्रिया समेत प्रतिष्ठानमा उपलब्ध छन् । माथिल्लो र तल्लो आँखा ढकनी मिलाउने शल्यक्रियादेखि अनुहार सुन्दर बनाउन दिइने विशेष सुई सेवा पनि सञ्चालनमा छ । दृष्टि पर्दाको बिस्तृत परीक्षण, आँखाको दृष्टि फैलावट जाँच्ने सेवा, नानीको बनावट परीक्षणजस्ता अत्याधुनिक जाँच सेवाहरू पनि यहीँ उपलब्ध छन् । मधुमेह, उच्च रक्तचाप र थाइराइडका कारण आँखामा पर्ने असरको परीक्षण र उपचार पनि यहीँ हुँदै आएको छ । साथै, विशेष किसिमको लेजर उपचार सेवा पनि सञ्चालनमा छ । अब उपचारका लागि राजधानी धाउनुपर्ने बाध्यता हटेको छ ।

आँखाको उपचारका लागि डा.रसाईलीको नेतृत्वमा रहेको टोलीलाई बिरामीहरूले 'विश्वासिलो' मात्र होइन, 'काठमाडौंकै स्तरको सेवा दिने' भनेर समेत मूल्यांकन गर्न थालेका छन् । यससँगै, आँखा वरिपरी वा अनुहारको हड्डी भाँचिएका बिरामीहरूको लागि आधुनिक तरिकाले पून:निर्माण शल्यक्रिया पनि यहीँ सम्भव भएको छ । प्रतिष्ठानले आगामी दिनमा अझ अत्याधुनिक उपकरण र विशेषज्ञ जनशक्ति थप गर्ने योजना बनाएको छ । यसले लुम्बिनी प्रदेश मात्र होइन, कर्णाली र सुदूरपश्चिमका बिरामीहरूलाई समेत ठूलो राहत दिने अपेक्षा गरिएको छ । कुनै समय 'काठमाडौं जानैपर्छ' भन्ने बाध्यता बोकेका दुर्गमका बिरामीहरूका लागि दाङको प्रतिष्ठान अहिले उपचारको नयाँ केन्द्र बनेको छ । जसका कारण जहाँ दूरी घटेको छ, खर्च घटेको छ, र आशा बढेको उपचारमा आएका बिरामीहरु बताउछन् ।

## प्रतिष्ठानमा मेडिसिनतर्फ ३ हजार ४ सय ३३ जना बिरामीले पाए ओपीडी सेवा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको बैशाख महिनामा मात्र ३ हजार बढी बिरामीले मेडिसिनतर्फ सेवा प्राप्त गरेका छन् । प्रतिष्ठानले दिएको जानकारी अनुसार बैशाख महिनामा मेडिसिनतर्फ ३ हजार ४ सय ३३ जना बिरामीले उपचार सेवा पाएका छन् । त्यस्तै मेडिसिनतर्फ २ सय ७१ जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको प्रतिष्ठानले जनाएको छ । यो संख्या बैशाख १ गतेदेखि ३१ गतेसम्मको हो ।

## राप्ती प्रतिष्ठानमा १ सय २ जना बिरामीको एक महिनामा हाडजोर्नी सम्बन्धी अप्रेशन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको एक महिनाको अवधिमा साना तथा ठुला गरेर १ सय २ जना हाडजोर्नी सम्बन्धी रोगका बिरामीको अप्रेशन भएको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार गएको बैशाख १ गतेदेखि ३१ गतेसम्म सो संख्यामा हाडजोर्नी सम्बन्धी बिरामीको सफलतापूर्वक शल्यक्रिया गरिएको हो । जस अनुसार गम्भीर खालका ३० जना बिरामीको, मध्यमखालका २४ जना र सामान्य खालका ४८ जना हाडजोर्नी रोगका बिरामीको अप्रेशन गरिएको छ ।

प्रतिष्ठानमा एमआरआई, सिटी स्क्यानसहितको सेवा बिस्तारसँगै अनुभवी हाडजोर्नी रोगका विशेषज्ञहरुबाट बिरामीहरुले उपचार प्राप्त गर्दै आएका छन् । त्यस्तै प्रतिष्ठानबाट बैशाख महिनामा २ हजार ३७ जना बिरामीहरुले हाडजोर्नी सम्बन्धी उपचार ओपीडीमार्फत प्राप्त

गरेका छन् भने १ सय ६ जना हाडजोर्नी सम्बन्धी बिरामीलाई उपचार गरेर सेवा दिईएको छ । हाडजोर्नी रोगको राम्रो उपचारका लागि विगतमा जिल्ला बाहिर जानुपर्ने बाध्यता रहेकोमा प्रतिष्ठानमा हाडजोर्नी रोगको उपचार सुरु भएपछि बिरामीको त्यो बाध्यता बिस्तारै अन्त्य हुँदै गएको छ ।

## बैशाखमा १७ जना बिरामीको नाक, कान, घाँटी रोगको अप्रेशन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको चालु आर्थिक वर्षको बैशाख महिनामा नाक, कान, घाँटी रोग सम्बन्धी १७ वटा अप्रेशन भएको छ । नाक, कान, घाँटी रोग विशेषज्ञ प्राध्यापक डा.दिपेन्द्र गौतम नेतृत्वमा चिकित्सक, नर्स र स्वास्थ्यकर्मीले नाक, कान, घाँटी रोगको अप्रेशनदेखि उपचार सेवा बिरामीले पाइरहेका छन् । त्यस्तै बैशाख महिनामा ८ सय १७ जना बिरामीले ओपीडीमार्फत नाक, कान, घाँटी रोगको उपचार सेवा पाएका छन् भने ३६ जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ । यो संख्या गएको बैशाख १ गतेदेखि ३१ गतेसम्मको हो ।

## बैशाखमा ओपीडीबाट ७ सय बढी बालबालिकाले पाए बालरोग विशेषज्ञ सेवा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट चालु आर्थिक वर्षको बैशाख महिनामा ७ सय बढी बालबालिकाले बाल रोग विशेषज्ञ सेवा पाएका छन् । बाल रोग विशेषज्ञ प्राध्यापक डा.दिपकराज पौडेलको नेतृत्वमा अन्य बाल रोग विशेषज्ञ चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुबाट बिरामी बालबालिकाहरुले उपचार सेवा पाईरहेका छन् । त्यस्तै बैशाख महिनामा ७ सय ८५ जना बालबालिकाले ओपीडी सेवामार्फत बालरोग सम्बन्धी उपचार प्राप्त गरेका छन् भने १ सय ९० जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ । यो संख्या गएको बैशाख १ गतेदेखि ३१ गतेसम्मको हो ।

## बैशाखमा ओपीडीबाट ५ सय बढी बिरामीले मानसिक रोगको उपचार सेवा पाए

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट चालु आर्थिक वर्षको बैशाख महिनामा ५ सय बढी बिरामीले मानसिक रोगको उपचार सेवा पाएका छन् । मानसिक रोग विशेषज्ञद्वय डा.सरोज उप्रेती र नितु बस्नेत नेतृत्वको चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुको टोलीले बिरामीहरुको उपचार गर्दै आइरहेको छ ।

प्रतिष्ठानले दिएको जानकारी अनुसार बैशाख महिनामा ५ सय ८४ जनाले ओपीडी सेवामार्फत मानसिक रोगको उपचार प्राप्त गरेका छन् भने १४ जना मानसिक रोगका बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ । यो संख्या गएको बैशाख १ गतेदेखि ३१ गतेसम्मको हो ।

## बैशाखमा ओपीडीबाट ८ सय बढी बिरामीले छालासम्बन्धी रोगको उपचार सेवा पाए

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट चालु आर्थिक वर्षको बैशाख महिनामा ८ सय बढी बिरामीले छाला तथा यौन सम्बन्धी रोगको उपचार सेवा पाएका छन् । छाला रोग विशेषज्ञद्वय डा.सबिना सिटौला र छेरीङ डोल्मा गुरुङ नेतृत्वमा नर्स र स्वास्थ्यकर्मीहरुको टोलीले बिरामीहरुको उपचार गर्दै आइरहेको छ ।

प्रतिष्ठानले दिएको जानकारी अनुसार बैशाख महिनामा ८ सय २० जनाले ओपीडी सेवामार्फत छाला तथा यौन रोगको उपचार प्राप्त गरेका छन् । यो संख्या गएको बैशाख १ गतेदेखि ३१ गतेसम्मको हो ।

## युकेकी पिण्डोरियाले राप्ती प्रतिष्ठानमा एक महिनाको सेवा गरेर फर्किइन्




दाङ । युकेस्थित किल विश्व विद्यालयको ग्लोबल हेल्थ पोष्टिङका लागि दाङ आउनु भएकी पोर्सिया पिण्डोरियाले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आफ्नो एक महिना सेवा गरेर फर्किनु भएको छ । पिण्डोरियाले प्रतिष्ठानको इमरजेन्सी सेवा, एमडिजिपिको ओपीडी सेवाको बारे प्रतिष्ठानमा कार्यरत विशेषज्ञ चिकित्सकहरुका बिचमा सिकाई आदान प्रदान गर्नुभएको थियो । प्रतिष्ठानका प्राध्यापक डा.बिकास गौचनले नेपालको स्वास्थ्य प्रणाली, यहाँको मानसिक स्वास्थ्य अवस्था, नेपालको चिकित्सा क्षेत्रमा काम गर्ने तौरतरिका, बेलायतको वर्तमान स्वास्थ्य प्रणाली, प्रतिष्ठानको मेडिकल शिक्षा, महिला स्वास्थ्य, शल्यक्रिया गर्ने विधि लगायतका बारेमा

पिण्डोरियासँग एक महिनाको बसाईमा छलफल भएको जानकारी दिनुभयो । पिण्डोरियाले बेलायतको स्वास्थ्य प्रणालीको बारेमा समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । पिण्डोरियाले कन्सल्टेण्ट सेवा प्राप्त गर्न ६ महिनादेखि १ वर्ष कुर्नुपर्ने रहेको बताउनुभयो ।

## प्रतिष्ठानमा १ सय ४४ जना मुख तथा अनुहार सम्बन्धी शल्यचिकित्सा



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुख तथा अनुहार सम्बन्धी शल्यचिकित्सा चालु आर्थिक वर्षको बैशाख महिनाभित्र १ सय ४४ जना बिरामीको सफलतापूर्वक भएको छ । मुख तथा अनुहार शल्य चिकित्सक डा.निरोज खनाल, दन्तरोग विशेषज्ञहरु डा.लोचना आचार्य, डा.आस्मा ओझा, डा.शुभेच्छा पाण्डे, डा.अश्मी बराल, डा.करिश्मा भण्डारी, डा.आकृती खड्गासहितको नर्स, स्वास्थ्यकर्मीको टोलीले दाँत, अनुहार तथा मुख सम्बन्धी शल्यक्रिया गर्दै आएको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार बैशाख महिनामा दन्त विभागको ओपीडीबाट ८ सय ९२ जना बिरामीले दाँत सम्बन्धी उपचार सेवा पाएका छन् । त्यसमध्ये ४ सय ५३ नयाँ बिरामीले सेवा पाएका छन् । जसमा सामान्य तथा जरैदेखि उपचार गर्नेमा १ सय ३२ जना, कृतिम अस्थायी तथा स्थायी दाँत लगाउने ४ सय ८१ जना, बाङ्गोटिङ्गो दाँत मिलाउने १ सय ५१, दाँत सफा गर्ने २ सय ५१, बच्चाको दुधे दाँत उपचार ३ सय ५१ जनाले सेवा लिएका थिए । त्यस्तै मुख तथा अनुहार शल्यचिकित्सा सम्बन्धी गम्भीर प्रकृतिको ५ जना, सामान्य ६३, दाँत निकाल्ने सेवा ७६ जनाले सेवा लिएका थिए । साथै दन्त विभागले बिगत एक वर्षदेखि विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयमा दाँत रोग सम्बन्धी जनचेतना फैलाउन दन्तरोग शिविर चलाउँदै आएको छ ।

यसैबीच अत्याधुनिक दाँतसहित मुखकै सिटी स्क्यान गर्ने मेसिन आएपछि दाँतको उपचार सेवा प्रभावकारी बन्दै गएको छ । स्वास्थ्य मन्त्रालयको निर्देशन अनुसार आपूर्ति महाशाखाले दाँतसहित मुखको सिटीस्क्यान गर्ने गरी सिबिसिटी मेसिन पठाएको थियो । सिबिसिटी मेसिन अत्याधुनिक प्रबिधिको रहेको र यसले दाँतसहित मुखको उपचारमा सहयोग पुऱ्याउने अपेक्षा लिइएको छ । प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह–प्राध्यापक डा.सुरेश रसाईलीले स्वास्थ्य मन्त्रालयले आपूर्ति महाशाखाबाट मेसिन खरिद गरेर पठाई दिएर निकै सहयोग पुऱ्याएको भन्दै दाँत र मुखको शल्यक्रिया गर्दा सिबिसिटी मेसिन अत्यन्तै उपयोगी हुने बताउनुभयो । पश्चिम नेपालमा सरकारी अस्पतालमा पहिलोपटक मेसिन दाङको प्रष्ठिानमा आएको छ । दाँत र मुखको सिटी स्क्यान गर्न दाङ बाहिर अब जानुपर्दैन, सामान्य किसिमको ओबिजी मेसिन प्रतष्ठिानसँगै थियो, तर यो अहिले आएको मेसिन अत्याधुनिक प्रविधिको हो, दाँतको मात्रै होइन, मुखको पुरै भाग सिटी स्क्यान गर्न मेसिनबाट सकिन्छ, उपचारमा धेरै नै सहयोगी हुनेछ यो मेसिन दन्त रोग विशेषज्ञ डा.निरोज खनालले भन्नु भयो यो मेसिनबाट थ्रीडी इमेज हेर्न सकिनेछ ।

**संरक्षक**
सह-प्रा.डा.सुरेश रसाईली
(निमित्त कार्यालय प्रमुख, निर्देशक)
**प्रधानसम्पादक**
प्रा.डा.विकास गौचन
**व्यवस्थापक**
निशान दाजु भट्टराई
सम्पर्क : फोन नं: ९८०१३४८८४५
ई-मेल:
*itdepartment@rahs.edu.np*
*registrar@rahs.edu.np*
*sarayu@rahs.edu.np*